# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं.०७८।७९
च.नं.

मिति: २०७८।१२।०६

## बाखा पकेट विकास कार्यक्रम सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।१२।०६

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तरगत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको आ.व.२०७८।७९ को स्वीकृत शसर्त कार्यक्रम तर्फ साना व्यावसायिक कृषि उत्पादन केन्द्र (बाखा पकेट) स्थापना विकास कार्यक्रम सञ्चालन गर्ने भएको हुँदा मंगला गाउँपालिका क्षेत्र भित्र रहेका ईच्छुक बाखा पालक कृषि समूह/समिति/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले तपशिल बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनसम्म कार्यालय समय भित्र मापदण्ड पुग्ने गरी तोकिएको ढाँचामा मंगला गाउँपालिकाको कार्यालय (पशु सेवा शाखा) मा आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | मार्फत कार्यक्रम | परिमाण | बजेट | संख्या |
|---|---|---|---|---|---|
| १ | साना व्यावसायिक कृषि उत्पादन केन्द्र (बाखा पकेट) विकास कार्यक्रम | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | १ पकेट | १५ लाख | ६०० गोटा (कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल अनुसार सञ्चालन गरिनेछ ।) |

आवश्यक पर्ने कागजातहरु:-

१। अनुसूची ६,७ र १० बमोजिमको निवेदन (निवेदनको ढाँचा शाखाबाट उपलब्ध गराइनेछ)

२। सम्वन्धित निकायमा कृषक समुह/कृषि समिति/कृषि सहकारी संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

३। कार्य समितिको निर्णयको प्रतिलिपी ।

४। सदस्यहरुको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

प्रमुख प्रशासकीय अधिकृत